## दण्ड, सजाय

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,
- प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना

## पीडितलाई प्रदान गरिने क्षतिपूर्ति

- अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइ दिनु पर्ने ।
- क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमा वा हकदारलाई दिइने ।
- क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा वा नजिकको हकदार नभएमा त्यस्तो रकम पुनर्स्थापना कोषमा जम्मा गर्नु पर्ने ।

## चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरुद्ध राष्ट्रिय नीति

- चेलीबेटी बेचबिखन तथा देहव्यापार विरुद्ध जनचेतना बृहत कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने,
- चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी कार्यक्रम नेपाल सरकार तथा गैरसरकारी संघ, अन्तर्राष्ट्रिय संघ तथा निजी क्षेत्र समेतलाई संलग्न गराई सञ्चालन गरिने,
- अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्नेतर्फ नेपाल सरकारबाट प्रयास गर्ने,
- यौन शोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जना दिलाउने तर्फ आवश्यक व्यवस्था गर्ने,
- चेलीबेटी बेचबिखन तथा अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुदाँ यो समस्या समाधान गर्ने तर्फ आवश्यक कदम चाल्ने,
- चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न नेपाल सरकारबाट राष्ट्रिय समन्वय समिति गठन गर्ने । साथै आवश्यकता अनुसार जिल्ला तथा गाँउ तहमा समन्वय समितिहरूको गठन गर्ने,
- औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गर्ने,
- चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिवद्धताका लागि प्रयास गर्ने, र
- चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ-संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।


**समन्वय** नेपाल सरकार

**सहयोग** PLAN INTERNATIONAL

**तयार** Child Nepal (CN) 2003 · Partnership Nepal Estd. 2067



**सम्पर्क**
फोन नं. : १-४८१२४१७,
०१-४८२२००२
०११-४०११३९
पो.ब.न. : २१८२९ काठमाडौं